# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०३ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

साविकको पिपरा सिमरा गाउँ विकास समिति बाराका सचिवहरुले गाउँ विकास समितिको विभिन्न शीर्षकको रकम हिनामिना गरेको भन्ने समेत व्यहोराको उजुरी उपर अनुसन्धान हुँदा तत्कालीन पिपरा सिमरा गाउँ विकास समिति बाराका सचिव विजयकान्त झाले विभिन्न आर्थिक वर्षमा चालु खर्च, पुँजीगत र सामाजिक सुरक्षा भत्ता वितरणमा गरी जम्मा रू.६३,०१,७७१।४६ (अक्षरुपी त्रिसठ्ठी लाख एक हजार सात सय एकहत्तर रुपैयाँ छयालीस पैसा मात्र) बदनियतसाथ हिनामिना, हानिनोक्सानी गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निज तत्कालीन सचिव विजयकान्त झालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजाय हुन र हिनामिना हानिनोक्सानी भएको विगो रू.६३,०१,७७१।४६ (अक्षरुपी त्रिसठ्ठी लाख एक हजार सात सय एकहत्तर रुपैयाँ छयालीस पैसा मात्र) निज विजयकान्त झाबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम असुल उपर हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता